# मष्टा गाउँपालिकाको

# आर्थिक वर्ष २०८१/०८२ को

## नीति तथा कार्यक्रम

गाउँपालिका अध्यक्ष ज्ञान बहादुर बोहराबाट

२०८१ असार १० गते सोमवारका दिन

गाउँसभामा प्रस्तुत

CS CamScanner

मष्टा गाउँपालिकाको कार्यालय
भातेखोला, बझाङ्ग

गाउँसभाका सदस्यहरु,

उपस्थित गाउँपालिकाका उपाध्यक्ष, गाउँसभाका सदस्यहरु, नि.प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी साथिहरु, पत्रकार बन्दु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु, सर्वप्रथम मष्टा गाउँपालिकाको गाउँसभाको दशौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम, यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । मुलुकको शासन प्रणाली र समाज रुपान्तरणका लागि भएका एतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहीदप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु ।

सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानप्रति उच्च सम्मान व्यक्त गर्दछु । गाउँवस्तीको विकास र गाउँपालिकाले लिएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सहयोग गर्नुहुने मष्टावासी दाजुभाई तथा दिदिवहिनीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

**गाउँसभा सदस्यहरु,**
अव म आर्थिक बर्ष २०८०।०८१ को बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा संक्षिप्तरुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. सुशासन, शासन व्यवस्थामा सुधार र विकास प्रशासन कार्यमा सुधारात्मक परिणाम क्रमश: देखिन थालेको छ ।

२. वार्षिक विकास कार्यक्रमको पहिचान, प्राथमिकीकरण र छनौट प्रक्रियामा अवलम्वन गरेको विधि र प्रक्रियाहरुमा संस्थागतरुपमा सकारात्मक सुधार भएको देखिन्छ ।

CamScanner

३. शुन्य बेरुजु र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनका सूचकहरुमा देखिएको उत्कृष्ठ नतिजाले मष्टा गाउँपालिकाको सुशासन, जवाफदेहिता र शासन प्रणालीमा उत्साहजनक सुधारहरु देखिन थालेका छन् ।

४. गाउँपालिकाले संचालन गरेका भौतिक पूर्वाधार, स्थानीय आर्थिक तथा सामाजिक विकास, कृषि, शिक्षा र स्वास्थ्य, वन वातावरण र विपत व्यवस्थापनका क्षेत्रमा देखिएका उपलब्धी हासिल गर्नका लागि अवलम्वन गरेका कार्यदिशा र शैली उत्साहजनक छ । जसको परिणाम विकास निर्माणका कार्यले गति लिन थालेको छ ।

५. लामो समयदेखि निर्माण प्रगति नभएका विकास आयोजनाको स्थलगत अनुगमन गरी आयोजनाको शीघ्र कार्यान्वयनमा जोड दिइएको छ । विकास आयोजना कार्यान्वयनमा आर्थिक अनुशासन कायम राख्न बजेट खर्च प्रणालीमा सुधार भएको छ ।

६. समग्र कृषि क्षेत्रको विकासका लागि रैथाने तथा उन्नत वालीहरुको उत्पादन, संरक्षण, प्रवर्द्धन र बजारीकरणको थालनी भएको छ । साथै वाली र पशुहरुमा देखिएको रोग नियन्त्रण, नश्ल सुधार जस्ता कार्यहरुमा सकारात्मक परिणामहरु हासिल भएको देखिन्छ ।

७. सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गर्ने व्यवस्था र असाहाय, अपाङ्ग र हिडडुल गर्न नसक्ने असक्तहरुका लागि घरदैलोमा सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने गरेको छ ।

८. कृषि तथा गैर कृषि क्षेत्रहरुको पहिचान गरी लक्षित वर्गहरुलाई रोजगारी सृर्जना गर्न उद्यमशिलता तिर उन्मुख गराएको छ ।

९. स्वास्थ्य पोषण र स्वास्थ्य सेवाका गुणस्तरमा अभिवृद्धि, शारिरीक तथा मानसिक अपाङ्गहरुलाई सेवा प्रवाहमा सहजता ल्याउनुका साथै स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गराउन विविध निशुल्क शिविर संचालन गरिएको छ ।

१०. समुन्नत गाउँपालिका निर्माणका लागि संघ, प्रदेश र विभिन्न विकास साझेदार संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा परिणामुखी कार्यहरु भैरहेको छ ।

CamScanner

११. विकास प्रशासन र शासकीय अभ्यासमा रहेका विगतका कमीकमजोरीलाई सुधार गरी दिगो विकास र सुशासन प्रत्याभूति दिलाउन स्थानीय सरकार क्रियाशिल रहेको छ । यसबाट आम जनमानसमा सुशासन र विकासको आशा र भरोसा पलाएको छ ।

१२. दक्ष जनशक्तिको अभाव, नागरिकहरुको विकासप्रतिको तीव्र चाहना, सिमित स्रोतसाधन र असिमित नागरिकको अपेक्षालाई सम्वोधन गर्न चुनौतिपूर्ण रहेको छ । भिरालो भूभाग, छरिएका गाउँवस्तीहरु, भूक्षयले क्षतविक्षत जमिन, वेरोजगारी युवाहरुले थलिएको मष्टा गाउँपालिकालाई लयमा फकाउदै विकासका लक्ष्य क्रमशः हासिल गर्ने दिशातर्फ प्रस्तुत नीति तथा कार्यक्रम परिलक्षित छ ।

१३. नेपालको संविघान, संघ, प्रदेश र स्थानीय सरकारका आवधिक योजना, दिगो विकास लक्ष्य लगायतका अन्तराष्ट्रिय प्रतिवद्धता, हालसम्म प्राप्त उपलब्धि तथा अनुभव, स्रोत साधनको उपलव्धता, गाउँपालिकाको आवश्यकता एवम् नागरिकको माग र चाहनालाई मार्गदर्शनको रुपमा लिई स्थानीय सरकारले प्रस्तुत नीति तथा कार्यक्रम तयार गरेको छ ।

१४. मष्टा गाउँपालिकामा आर्थिक विकास, सामाजिक विकास (शिक्षा र स्वास्थ्य, लैगिंक विकास), पूर्वाधार विकास, कृषि, वन तथा वातावरण, सुशासन तथा संस्थागत विकास, स्थानीय स्रोतमा आधारित उशमशिलता विकास र रोजगारी सृर्जना, गरिवी न्यूनिकरणलाई प्राथमिकतामा राखेर आर्थिक वर्षका प्रमुख कार्यक्रमहरु तय गरेको छ ।

**सभा सदस्यहरु,**

नेपालको संविधान, प्रचलित कानुनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य तथा स्थानीय अनुभव तथा सिकाई आदिका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । अव, म मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

CamScanner

सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा

१) गाउँपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाको प्रवाहमा छिटो, छरितो, पारदर्शी र मितव्ययी बनाइनेछ । राजश्व, योजना, लेखा, सामाजिक सुरक्षा भत्ता, कार्यालय संचालन सामाग्री खरिद प्रक्रिया, बोलपत्र आदि अनलाईन माध्यमबाट गराउने व्यवस्था मिलाइनेछ ।

२) मष्टा गाउँपालिकामा कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाहरुको नियमित अनुगमन गर्नुका साथै एकद्वार प्रणालीबाट सेवा प्रदान गरिने व्यवस्थालाई मिलाइने छ ।

३) गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई सेवाग्राही मैत्री बनाउन कर्मचारीहरुलाई चेन अफ कमाण्ड मार्फत जनउत्तरदायी, जवाफदेही, पारदर्शी र मितव्ययी तरिकाले सेवा प्रदान गर्न कर्मचारी आचारसंहिताको पूर्ण पालना गर्ने व्यवस्था मिलाईनेछ ।

४) गाउँपालिकाका नागरिकलाई गुणस्तर सेवा प्रदान तथा समायनुकुल विकासका लागि आवश्यकता अनुरुप जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास गरिने छ ।

५) राष्ट्रसेवकको नतिजा सूचक सहितको कार्य सम्पादनमा आधारित मूल्याङ्कन प्रणालीको विकास गरी सोही अनुसार काम कारवाही गर्ने गराउने नीतिको कार्यान्वयन गर्ने ।

६) गाउँपालिकाका लागि आवश्यक ऐन, नियम, विनियमावली र कार्यविधि लगायतका कानुनहरुको निर्माण र संशोधन गरी विधिको शासनलाई प्रवर्द्धन गर्दै गाउँपालिकाले प्रवाह गर्ने सेवा तथा सुविधाको प्रभावकारी कार्यान्वयन गर्ने नीति लिइएको छ ।

७) गाउँपालिका स्थापना भए देखि हालसम्म र आगामि वर्षमा सम्पादन गरिने क्रियाकलापहरुको अभिलेखीकरण गर्ने व्यवस्था मिलाईने छ ।

८) सामाजिक जवाफदेहिता तथा सुशासन प्रवर्द्धनका लागि नागरिक वडापत्र, सोधपुछ कक्ष, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, हटलाईन संयन्त्रको निर्माण, कार्यविधिको परिमार्जन र सोको प्रभावकारी कार्यान्वयन गराइनेछ ।

९) गाउँपालिमा उत्कृष्ट काम गर्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारी अवार्ड, विद्यालयका शिक्षक तथा प्रधानाध्यापकलाई मष्टादेव शैक्षिक अवार्डबाट सम्मानित गर्ने व्यवस्था मिलाइने छ ।

## सिचाँई, भौतिक पुर्वाधार तथा यातायात

१०) बझाङ्ग सदरमुकाम चैनपुर जोड्ने तथा मष्टा गाउँपालिका भरि १२ महिना सडक सञ्चालनका लागि सडकहरुको स्तरोन्नति गर्ने र निर्माणाधीन लाछीगाडको सडक पुल सम्पन्न गर्ने तथा डुङ्गी गाड सडक पुल निर्माणका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरी अन्तर पालिका र अन्तर जिल्ला सडक विस्तार गर्ने ।

११) नागरिकहरुको आवतजावतमा सहजता ल्याउन गाउँपालिका क्षेत्रभित्र रहेका धनातोली, मजेरीधाट झो.पु. निर्माण सम्पन्न भैसकेको र खिकाली गाड झो.पु निर्माण शुरु गर्ने र समदेउ सेती नदीमा झोलुंगेपुल निर्माण प्रक्रिया अगाडी वढाईने छ ।

१२) निर्माण सम्पन्न भएका छ वटा वडा कार्यालयहरुहरुबाट दैनिक प्रशासनिक कार्यहरु संचालन गरिनेछ । वडा नं. ४ को वडा कार्यालयको निर्माण कार्य शुरु गरिनेछ । गाउँपालिकाको प्रशासनिक भवन र १० शैयाको अस्पताल निर्माण गर्नका लागि केन्द्रीय सरकारसंग पहल गरिनेछ ।

१३) पन्याछाल किनाडा सिचाई कुलो निर्माण कार्यलाई निरन्तरता दिएको छ । दोभँगाले दय, कुस्यालाटा वुक्याडांडा, रनकुरयाला हलारा र धनालोली उकाली भातेखोला सिचाई निर्माण कार्य अघि वढाइनेछ । भौराडीछडा सौउदेउ र मेलविसौना सेरुपैल सिचाई कुलो निर्माणका लागि संभाव्यता अध्ययन गरी स्रोत सुनिश्चिताका लागि पहल गरिनेछ ।

१४) भुकम्प प्रतिरोधक तथा भवन आचरसंहिता अनुरुप नक्सा पास गरेर मात्र सार्वजनिक तथा नीजि भौतिक संरचना निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

**शिक्षा, युवा तथा खेलकुद**

१५) शैक्षिक संगठन र प्रशासन प्रणालीलाई प्रभावकारी बनाउन र अपेक्षित नतिजा हासिल गर्न विद्यालय समायोजन, दरबन्दी मिलानलाई प्रमुख प्राथमिकता दिइनेछ । शिक्षकको अभावलाई परिपुक्ति गर्न स्वयम् सेवक शिक्षक नियुक्ति गर्ने व्यवस्था मिलाइने छ ।

१६) निद्रिष्ट सूचकका आधारमा एक वडा एक नमुना विद्यालय संचालन, गाउँपालिकाले निर्माण गरेको शैक्षिक क्यालेण्डरको प्रभावकारी कार्यान्वयन, सबै सामुदायिक विद्यालयहरुमा परीक्षा प्रणालीमा एकरुपता गरिनेछ ।

१७) उच्च शिक्षा हासिल गर्न चाहने सामुदायिक विद्यालयमा अध्ययन गरेका विपन्न तथा जेहन्दार विद्यार्थीहरुको एमबिबिस अध्ययन गर्न एमबिबिस अध्ययन कोष संचालन गरिनेछ । उक्त कोषबाट एमबिबिस अध्ययन गर्नेहरुलाई निर्देशिका बमोजिम खर्च गरिनेछ ।

१८) "सक्षम र सुढृण शैक्षिक प्रशासन, उन्नतिशील शैक्षिक विकास र सुशासन" भन्ने मुल नारा सहित शिक्षा क्षेत्रको समग्र शैक्षिक सुधारका लागि शिक्षकलाई समयानुकुल तालिमको व्यवस्था, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक र विद्यार्थीलाई जिम्मेवार बनाउन **अभिभावक शिक्षा र मेरो विद्यालय म बनाउँछु कार्यक्रम संचालन** गरिनेछ ।

१९) विद्यालयको नियमित अनुगमनलाई प्रभावकारी बनाईनेछ । विद्यालयसँग सम्वन्धित सरोकारवालावाला व्यक्ति तथा निकायहरुको संलग्नतामा विद्यालय अनुगमन गरिनेछ । अनुगमन प्रतिवेदनका आधारमा विद्यालयलाई प्रोत्साहन, सेवा सुविधा र अनुदान प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२०) पालिकाका सबै मा.वि.हरुमा किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना र सुढ्ढीकरण गरि किशोरकिशोरीहरुलाई बृहत यौनिक शिक्षा, सूचना र जीवन उपयोगी सिप प्रदान गरिनेछ ।

२१) आमा बुबा नभएका ६ वर्षदेखि १६ वर्ष उमेर समुहका टुहुरा बालबालिकाको पठनपाठनको सहजता तथा सुनिश्चिताका लागि मासिक रु ५०० का दरले उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

CS CamScanner

२२) स्थानीय उत्पादनमा आधारित दिवा खाजा, किचन निर्माण तथा व्यवस्थापन, स्वास्थ्य तथा सरसफाई र प्रारम्भिक तहको पढाई कार्यक्रमलाई कार्यान्वन गर्न विभिन्न संघसंस्था र निकायहरुसँगको सहकार्य तथा समन्वयमा कार्यक्रमहरु संचालन गरिनेछ ।

२३) पालिका स्तरीय खेल मैदान निर्माण कार्यको शुरुवात गरिनेछ । विभिन्न क्षेत्रका खेलाडीहरु उत्पादनका लागि पालिका स्तरीय राष्ट्रपति रनिङ्गसिल्ड, अध्यक्ष कप जस्ता खेलकुद प्रतियागिताका साथै अन्य अतिरिक्त क्रियाकलाप संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**स्वास्थ्य**

२४) स्वास्थ्य संस्था (स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र बर्थिङ्ग सेन्टर) बाट प्रवाह गर्ने सेवालाई गुणस्तर, प्रभावकारी, सर्वसुलभ, सबैको पहुँचयोग्य बनाउन पालिकाको नीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५) नेपाल सरकारको मातृमृत्युलाई दिगो विकास लक्ष्यको अन्त्यसम्म प्रति लाख जिवित जन्ममा ७० मा पुर्याउने लक्ष्यलाई सहयोग गर्न र मातृमृत्य तथा नवजात शिशु दरलाई शुन्यमा झार्न पालिकालाई पूर्ण संस्थागत सुत्केरी घोषणाका लागि प्रसुती तथा सुत्केरी केन्द्रको विस्तार र सुढिणीकरणका साथै स्वास्थ्य कमीलाई SBA तालिम प्रदान गरिनेछ ।

२६) सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धि रोग र रुगणताको पहिचान, जेष्ठ नागरिक, असाहाय, अपाङ्ग र बालबालिकाको स्वास्थ्य स्थिति सुधारका लागि एकीकृत घुम्ती शिविर सेवा संचालनको व्यवस्था गरिनेछ ।

२७) जटिल सुत्केरी/प्रसुती निशुल्क प्रेषण सेवा संचालनका लागि छुट्टै कोष स्थापना गर्नुका साथै एम्बुलेन्स सेवालाई व्यवस्थित गर्दै जोखिममा परेका सुत्केरी महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईएकोछ ।

२८) विभिन्न राष्ट्रिय अभियानहरु भिटामिन ए, जुकाको औषधि, पूर्ण खोप सुनिश्चिता, औषधी वितरण, सम्पूर्ण स्वास्थ्य संस्थामा परिवार नियोजन सेवालाई सुलभ, भरपर्दो र प्रभावकारीरुपमा जनताको घरदैलोमा पुर्‍याउन स्वास्थ्य स्वमसेवीकाहरुलाई आधुनिक प्रविधिसंग जोडेर कार्य गर्ने व्यवस्था मिलाइनेछ ।

CamScanner

२९) परम्परागत चिकित्सा आयुर्वेदका क्षेत्रमा काम गरिरहेका वैद्यहरुको क्षमता अभिवृद्धि गरी आवश्यक चिकित्सा सामाग्रीहरुको उपलब्धता गर्नुका साथै आयुर्वेद तथा योग शिक्षालाई जीवन उपयोगी शिक्षाकारुपमा प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

३०) सुत्केरी महिला तथा बालबालिकाको पोषण सुधारसँग सम्वन्धित विद्यालय दिवा खाजा कार्यक्रम, बालपोषण अनुदान, शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन लगाएतका बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

३१) अत्यावश्यक औषधिको माग अनुसार आपूर्ति गरिनेछ । विरतरण र मौज्दात दुरुस्त राख्न अन लाइन रेकडिग र रिपोटिंग प्रणाली (e-LMIS) म लाई सबै स्वास्थ्य **संस्था र पालिकामा प्रभावकारी बनाइनेछ ।**

## कृषि तथा पशुपालन

३२) फलफूल, तरकारी, तेलहन, आलु, मसला, नगदे तथा रैथाने बाली क्षेत्रकोरुपमा विकास गरी कृषिमा आत्मनिर्भर कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिएको छ ।

३३) स्थानीय कृषकको तरकारीको बीउ मागलाई परिपुर्ति गर्न गाउँपालिका स्तरमा सस्तो कृषिउपज विउविजन पसल स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

३४) कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वढाई व्यवसायिकरण गर्न **"प्राविधिक ज्ञान साथमा, रोजगारी हातमा"** भन्ने नाराका साथ प्रत्येक वडा तथा वस्तीहरुमा कृषि प्राविधिक परिचान गरिनेछ ।

३५) स्थानीय स्तरमा उत्पादित रैथाने बालीहरु (जौं, उवा, कोदो, चिनु, कागुनु, फापर, सिमि आदि) को संरक्षणका लागि रैथाने बाली बीउ बैङ्कको स्थापना गरिनेछ । उक्त बीउ बैङ्कमा रैथाने बालीहरुको संकलन र भण्डारण गर्ने व्यवस्था मिलाइनेछ ।

३६) मौसमी तथा बेमौसमी तरकारी तथा फलफूल उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन दिने कार्यक्रम संचालन गर्नुका साथै त्यस्ता फलफूल तथा तरकारी

उत्पादन गर्ने कृषक तथा कृषक समुहहरुलाई आवश्यक विउविजन, कृषि औजार तथा उपकरण र तालिमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३७) किसानहरुले उत्पादन गरेका कृषि उपजहरुलाई गाउँघरमै खरिद गर्ने व्यवस्था मिलाइनेछ । त्यसका लागि प्रत्येक वडाहरुमा कृषि उपज संकलन केन्द्रको स्थापना गरिनेछ । उक्त केन्द्रमा संकलित कृषि उपजलाई सहकारी तथा कुनै तेस्रो पक्षबाट खरिद र विक्रि वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

३८) **"मष्टा वासीको सान, स्थानीय उत्पादनको पहिचान"** कृषकको उत्पादनलाई स्थानीय र राष्ट्रियस्तरमा प्रवर्द्धन र वजारीकरण गरिनेछ । त्यसका लागि उपयुक्त स्थानहरुमा मष्टा कोसेली घरको स्थापना र संचालन गरिनेछ । उक्त केन्द्रवाट स्थानीय उत्पादित वस्तुहरुको विक्रि वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

३९) सरकार, निजी क्षेत्र र विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय संघसंस्थासंगको साझेदारीमा भेंडा, च्याँग्रा, बाखा, कुखुरा र खरायो पकेट तथा उत्पादन केन्द्रको रुपमा विकास गर्दै कृषि र पशुपंक्षीमा आधारित उद्योगको स्थापना र संचालन गरी गरिबी न्युनीकरण गर्ने नीति लिइएको छ ।

४०) पशुपंछीका संक्रामक रोगहरुको न्युनीकरण गरी कृषकको उत्पादन लागत घटाउन तथा आम्दानी वढाउन सातै वडाहरुमा पशुपंक्षी उपचार केन्द्रको स्थापना गरिने छ ।

४१) व्यवसायरुपमा पशुपालनमा नश्ल सुधारका लागि इच्छुक कृषक तथा कृषक समुहलाई उन्नत खालका बोका, राँगा र साँडे उपलव्ध गराउने र उक्त समुहलाई ५० प्रतिशत खरिद अनुदान र सत प्रतिशत ढुवानी गर्ने व्यवस्था मिलाइनेछ ।

४२) पशुपालन र कृषि उत्पानको विकास गरी मष्टा गाउँपालिलाई तरकारी, आलु, दुध, मासु, अण्डा, दलहन र ध्यूमा आत्मनिर्भर बनाईने छ ।

## उद्यशिल विकास, सहकारी तथा रोजगार प्रवर्द्धन

४३) दलितहरुको परम्परागत कला र सीपलाई आधुनिकीकरण गरी **एक दलित वस्ती एक उद्योग** (छाला प्रशोधन, जुता, फलामे सामग्री, ठेकी भाँडाकुडा उद्योग आदि)

CamScanner

संचालन गरिनेछ । उक्त उद्योगबाट उत्पादित वस्तुको बजारीकरणका लागि गाउँपालिकाले सहजीकरण गर्नेछ ।

४४) गाउँपालिका भित्र संचालित सम्पूर्ण व्यवसायीहरुलाई अनिवार्यरुपमा दर्ता गरेर मात्र व्यवसायी सञ्चालन गर्ने नीति लिइएको छ ।

४५) स्थानीय स्रोतमा आधारित स्वरोजगार सृर्जना गर्ने खालका नविनतम विचारहरुको सदुपयोग् गर्न एउटा innovative idea Bank स्थापना गरिनेछ । व्यक्ति, समुह, सहकारी, व्यापारी र सामाजिक संघसंस्थाहरुले पेश गरेका उत्कृष्ट विचार तथा अवधारणाहरुको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । .

४६) विभिन्न क्षेत्रमा सीपमूलक तालिम दिइने कार्यलाई निरन्तरता दिइनुका साथै चालु आ.व. मा उक्त तालिम लिएका व्यक्तिहरुको स्तरोन्नती गरी थप सीपयुक्त दक्ष जनशक्ति वृद्धि गरिनेछ ।

४७) स्थानीय स्तरमा उपलब्ध ढटेलो र भाङ्गोबाट उत्पादित तेल, गान्टे मुला (चोतो) बाट उत्पादित अचार, सिन्की, गुन्द्रुक र चाना तथा कोदो र जौबाट उत्पादित वस्तुहरुको व्रान्डिङ्ग, लेवलिङ्ग, गुणस्तर निधारण र वजारीकरण गरी स्थानीय आर्थिक विकासलाई सवलीकरण गरिनेछ ।

४८) स्थानीय उघमिहरुलाई सीप सिकाई स्थानीय कच्चा पदार्थबाट कपडा उत्पादन गरी सो वस्तुबाट सेनिटरी प्याड, झोला तथा खादा निर्माण गरी रोजगारी सृर्जना गरिनेछ ।

४९) संघीय सरकारले ओषधिजन्य प्रयोजनका लागि भाङग्रो खेतीको अध्ययन, अनुसंधान गर्ने नीति लिएको परिवेक्षमा स्थानीय सरकारले उक्त नीतिलाई अनुसरण गर्दै स्थानीय आर्थिक विकासको सवलीकरणका लागि भाङग्रोबाट घरेलु कपडा र ओषधिजन्य वस्तु उत्पादनका लागि आवश्यक वातावरण मिलाइनेछ ।

५०) गाउँपालिका भित्र रहेका सहकारी संस्थालाई प्रचलित कानुनको दायरामा ल्याईनेछ । सहकारी संस्थाको क्षमता अभिवृद्धि गरिनुका साथै अव्यवस्थित अमुतरुपमा सञ्चालित सहकारी संस्थाहरुलाई विषय उद्देश्य मिलान गरी एकीकरण र खारेजी गरिनेछ ।

५१) सूचिकृत भएका वेरोजगार व्यक्तिहरु मध्येवाट सिमान्तकृत, विपन्न, दलित तथा गरिव घरपरिवारको आर्थिक विकासका लागि रोजगार सेवा केन्द्र र मष्टा

गाउँपालिकाको बजेट साँझेदारीमा आयोजना निर्माण, मर्मत तथा सम्भार कार्य गरिनेछ ।

५२) वैदेशिक रोजगारमा जाने युवाहरुलाई आवश्यक श्रम स्विकृति तथा पुनः श्रम स्विकृति स्थानीय तहबाटै प्राप्त गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ ।

५३) आयोजना बैंक र कामदार संग भएको सीपको नक्साङ्कनका आधारमा श्रमिक सीप बैंकको स्थापना गरी सञ्चालन हुने आयोजनाहरुमा श्रमिक सीप बैंकबाट दक्षताका आधारमा कामदारको छनौट गरिनेछ ।

**उर्जा, खानेपानी तथा सरसफाई**

५४) मष्टा गाउँपालिकालाई अध्यारो मुक्त र उज्यालो युक्त गाउँपालिकाको अभियानलाई साकार पार्न मष्टा गाउँपालिकामा राष्ट्रिय प्रसारण लाईनको विस्तार कार्यलाई निरन्तरता दिइनेछ ।

५५) एक घर एक धाराको अवधारणा अर्न्तगत मष्टा गाउँपालिका भरी खानेपानी सेवाको विस्तार सहित योजनाको दिगोपनाका लागि नियमित मर्मत सम्भार कोषको स्थापना तथा व्यवस्थापन र बहुउपयोगि संरचनाहरुको निर्माण गरिनेछ ।

५६) परिवार साँझेदारी कार्यक्रमका माध्यमबाट **"हाम्रो नमुना गाउँ, स्वच्छ, सफा र हरियाली वनाऔं"** अभियानसंचालन गरिनेछ । परिवार साँझेदारी कार्यक्रममा गाउँवस्तीहरुमा ढल, बाटो, खानेपानी, शौचालय, करेसावारी, फुलवारी र गाउँवस्ती सरसफाई कार्यक्रम संचालन गरिनेछ ।

५७) खानेपानी तथा सरसफाई तथा स्वच्छताका लागि गाउँपालिका स्तरमा वास वोर्ड गठन गरी कार्यान्वयन गरिनेछ ।

**वन,वातावरण तथा विपद् व्यवस्थापन**

५८) मिति २०७८ साल असोज-कार्तिकमा परेको अविरल वर्षा र २०८० असोज १६ गते विनाशकारी भुकम्पले क्षति भएका निजी तथा सार्वजनिक संस्थाहरुको पुन निर्माण र मर्मतका लागि पहल गरिनेछ ।

५९) सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र दिगो उपभोगमा सामुदायिक वन व्यवस्थापन समितिलाई जिम्मेवारी वनाइने छ । सामुदायिक वनको नवीकरण र सामुदायिक वनबाट हुने आम्दानीलाई व्यवस्थित गरिनेछ ।

६०) गाउँपालिका क्षेत्रभित्रका बगरहरुको प्रारम्भिक वातावरणीय परीक्षण गरी ठेक्का सम्झौता वा अन्य उपयुक्त माध्यामबाट ढुङ्गा, गिट्टी, बालुवा, माटो, स्लेट आदि प्राकृतिक एवं नदीजन्य वस्तुको उत्खलन र निकासी शुल्क दस्तुर संकलन गरिने छ ।

६१) **एक व्यक्ति पाँच रुख, सन्तुलित वातावरण जनतालाई सुख** भन्ने नाराका साथ पहिरो जोखिमयुक्त स्थानहरुमा व्यापक वृक्षारोपण, जलवायु अनुकुलित गाउँवस्ती, जलवायु अनुकुलन कृषि क्षेत्रको विकास, रिचार्ज पोखरीको निर्माण र जलीय क्षेत्रमा तथा जलिय जैविक विविधता संरक्षणका लागि जलचर संरक्षण ऐन निर्माण गरी लागु गरिनेछ ।

६२) विभिन्न समुह, क्लव, समुदाय, विद्यार्थीहरुलाई विपद् व्यवस्थापन सम्वन्धी बुझाई ज्ञान, सीप र क्षमता विकास गर्नका लागि समुदाय विद्यालय सचेतना कार्यक्रम संचालन गरिनेछ ।

६३) विपद जोखिम नक्सांकन, विपद पूर्व तयारी र प्रतिकार्य योजना निर्माण गरी जोखिम न्यूनिकरणका लागि विपद व्यवस्थापन शाखालाई स्थानीय आपतकालिन केन्द्ररुपा स्थापित गरी पालिकालाई विपद् उत्थानशिल वनाइनेछ ।

६४) जनतासँग अध्यक्ष कार्यक्रम र पहिरो नियन्त्रणका लागि उपाध्यक्ष वृहत वृक्षारोपण कार्यक्रम संचालनमा ल्याइने व्यवस्था गरिएको छ ।

६५) भुक्षय नियन्त्रण तथा पशु आहारालाई टेवा पुर्‍याउने उद्वेश्यले खाली रहेको बाँझो जमिन र रोडको छेउछाउको भूमिलाई सदुपयोग गरि विभिन्न बहुवर्षिय घाँस खेतीको विस्तार गरिनेछ ।

**पर्यटन तथा सस्कृति**

६६) मष्टा गाउँपालिका भित्र रहेका ऐतिहासिक धरोहर, मठ मन्दिरको उचित संरक्षण कार्यलाई निरन्तरता दिँदै यस क्षेत्रको मौलिक कला, संस्कृति, भेषभूषा, परम्परागत रीतिरिवाज र रहनसहनको जगेर्ना गरी आन्तरिक तथा वाह्य पर्यटनलाई आकर्षित गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

६७) संम्पदाको संरक्षण, संम्वर्द्धन र व्यवस्थापन गर्दै सार्वजनिक नीजि साँझेदारीमा पुरातात्विक तथा धार्मिक एतिहास वोकेको ढडार मष्टो माँणुको पुनर्निर्माण

महाअभियान संचालन गरिनेछ । मालिका पर्यटकीय क्षेत्रको भौतिक संरचना निर्माण कार्यलाई निरन्तरता र तपवन पर्यटकीय क्षेत्रको विकासका लागि पहल गरिनेछ ।

६८) आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनबाट स्वरोजगार सृजना गर्न पर्यटकीय गाउँ र सोही गाउँमा बसोवास गर्ने युवाहरु पहिचान गरी तालिम उपलब्ध गराउने र तालिम प्राप्त व्यक्तिहरुलाई होमस्टे संचालन गर्न प्रोत्साहन गर्ने वातावरण बनाइने छ ।

**सामाजिक विकास**

६९) नेपाल सरकारले उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैंक सम्म खाता खोल्न आउने समस्यालाई मध्यनजर गर्दै वडा कार्यालयमै गएर खाता खोल्ने अभियानलाई निरन्तरता दिनुका साथै आगामी आ.व. को माघ महिनाबाट बायोमेट्रिक भेरिफिकेसन अनिवार्य भएकाले घुम्ति शिविर मार्फत टोलमै गएर सेवा दिईनेछ ।

७०) अपाङ्ग र अति अशक्त जेष्ठ नागरिकहरुलाई वडा कार्यालयको सिफारिसमा घरदैलोमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइने छ ।

७१) गाउँपालिका भित्रका ४० देखि ६८ वर्षका विदुर पुरुषहरुको तथ्याङ्क संकलन गरी उनीहरुलाई मासिक १००० का दरले एकल पुरुष भत्ता (विदुर) उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइएको छ ।

**लैंगिक समनता, महिला शसक्तीकरण र सामाजिक समावेशिकरण**

७२) समाजमा परम्परादेखि जरा गाडि राखेका सामाजिक कुप्रथाहरु (बालविबाह, बहुविबाह तथा छाउपडी) लाई निर्मूल गर्नका लागि सचेतनामूलक कार्यक्रम, आवश्यक सामाग्रीको व्यवस्था र समयमै न्याय उपलब्धता दिने कार्यलाई थप प्रभावकारी बनाई सामाजिक कुप्रथालाई अन्त्य गर्ने व्यवस्था मिलाईनेछ ।

७३) लैगिक हिंसा, सामाजिक तथा हानिकारक कुरितिहरुको अन्त्यकाका लागि सबै वडा, वस्ती तथा गाउँ तहमा रुपान्तरण कार्यक्रम तथा महिलाका लागि आर्थिक सामाजिक सशक्तीकरण कार्यक्रम संचालन गरिनेछ ।

७४) घरेलु हिंसा, लैंगिक हिंसा तथा बलात्कार जस्ता महिला हिंसा प्रभावितका लागि न्याय, उपचार र राहात सहयोग गर्नका लागि महिला हिंसा निवारण कोष संचालन र परिचालन गरिने छ ।

७५) बालविबाह अन्त्यका लागि रणनैनिक कार्ययोजना, महिला हिंसा सम्वन्धी आवश्यक कानुन निर्माण र सोको कार्यान्वयन गर्दै पालिकालाई बालविबाह अन्त्य र बालविवाह मुक्त टोल घोषणा गरिनेछ ।

७६) बालिका तथा किशोरीको क्षमता बिकास सशक्तीकरण र जीवन उपयोगी सीपका लागि किशोरकिशोरी सामाजिक तथा वित्तीय सीप सम्वन्धि रुपान्तरण कक्षा संचालन गरिनेछ ।

७७) पालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक तयारी गरिनेछ । साथै आ.व. २०८१।०८२ कम्तीमा १ वडालाई बालमैत्री स्थानीय शासन घोषणा गरि क्रमश पालिकालाई घोषणा गर्दै लगिनेछ ।

**न्यायिक समिति**

७८) मष्टा गाउँपालिकाको न्यायिक समितिलाई छिटो छरितो न्याय सम्पादन गर्ने र मेलमिलापबाट विवाद समाधान गर्दै स्थानीय जनतालाई न्यायमा सहज पहुँच पुयाउने नीति अवलम्बन गरिनेछ ।

**योजना अनुगमन तथा संस्थागत विकास**

७९) गाउँपालिमा सञ्चालन भएका सम्पूर्ण योजना र आगामी वर्षका लागि छनौट भएका आयोजनाहरुलाई एकिकृत गरी योजना बैङ्क निर्माण गरी योजना तथा आयोजना सञ्चालन गरिने व्यवस्था गरिनेछ ।

८०) शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, स्वास्थ्य, पोषण, रोजगरी, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगाएतका कार्यक्रम संचालन गरी भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा

उपलब्ध गराउनु हुने विश्व खाद्य कार्यक्रम, एम.पि.डि.एस. यु.एन.एफ.पिए. साईपाल विकास समाज, पिस विन नेपाल, प्रगतिशील युवा समाज, हेफर नेपाल, एन.एन.एस.डब्लु.ए., आइ.डि.एस.नेपाल, साहारा नेपाल, एन.एफ.सि.सि., युनिसेफ, निड्स नेपाल विभिन्न सरकारी तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुसँगको साझेदारीका माध्यामबाट काम गर्ने वातावरण मिलाईने छ ।

आर्थिक वर्ष २०८१।०८२ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध, सवल र न्यायपूर्ण गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु ।

यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट सङ्घीय शासन प्रणाली सफल हुने, मानवीय विकासमा टेवा पुऱ्याउने, उत्पादन र उत्पादकत्व वृद्धि भई रोजगारी सृजना हुँनुका साथै स्वाधीन, सवल र आत्मनिर्भर स्थानीय आर्थिक विकासमा योगदान पुग्ने आशा गरेको छु । नीति तथा कार्यक्रमलाई सभाका सम्पूर्ण सदस्यहरुको समर्थन र कार्यान्वयनमा सबैको सक्रिय सहयोग प्राप्त हुने विश्वास गरेको छु ।

अन्तमा गाउँवस्तीको विकास र परिवर्तनका लागि अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने उपाध्यक्ष, वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्यहरु, कार्यालय प्रमुख लगाएत सम्पूर्ण कर्मचारीहरु, शिक्षक, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वयंसेवक, सुरक्षाकर्मी, समाजिक संघ संस्था, निजी तथा व्यवसायिक क्षेत्र, सञ्चारजगत लगायत सम्पूर्ण गाउँवासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !

CamScanner